# साँगुरीगढी गाउँपालिका
# Sanguriagdhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प.सं. २०८३/०८४ कोशी प्रदेश नेपाल

च.नं.: Koshi province Nepal

ढुङ्गा गिटी बालुवा सङ्कलन विक्री तथा निकासी कर सङ्कलन सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/२७

साँगुरीगढी गाउँपालिकाको आ.व. ०८३/०८४ का लागि आन्तरिक आय व्यवस्थापन गर्न कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ ले निर्धारण गरेको दररेटमा, प्रारम्भिक वातावरणीय परीक्षण (आइ.इ.इ.) ले निर्धारण गरेको परिमाण र स्थानबाट नदीजन्य पदार्थ सङ्कलन तथा विक्री वितरण र कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८३ ले निर्धारण गरेको दररेटमा, ढुङ्गा गिटी, ग्राभेल र बालुवा सङ्कलन विक्री तथा निकासी कर सङ्कलनका लागि साँगुरीगढी गाउँपालिकाको आय व्यवस्थापन (कार्यविधि) ऐन, २०७९ को दफा २४ को उपदफा ६, ७ र ८ बमोजिम आय ठेक्का सम्बन्धी बोलपत्र वन्दोवस्त गर्नु पर्ने भएकाले न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता तथा नियमानुसार कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म वा कम्पनीहरुले रितपूर्वक बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | बोलपत्र अङ्क | विवरण | बार्षिक उत्खनन गर्ने परिणाम (घन फिट) | कूल न्यूनतम अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM/IR/10-083-084 | ढुङ्गा, गिटी, ग्राभेल र बालुवा | १५३५७२१.०० | १०७५००४७.०० | |
| | | जम्मा | १५३५७२१.०० | १०७५००४७.०० | |
| | | निकासी | एकमुष्ठ | ६५००००.०० | |
| | | जम्मा | १५३५७२१.०० | १,१४,००,०४७.०० | |
| | भ्याट १३ प्रतिशत | | | १४८२००६.११ | |
| | कुल जम्मा | | | १,२८,८२,०५३.११ | |

बोलपत्र दरभाउ पत्र पेश गर्ने सम्वन्धी शर्तहरुः

१. ढुङ्गा, गिटी, बालुवको निकासी शुल्कको दर, विवरण, परिमाण तथा स्थान बोलपत्र दरभाउ पत्रसाथ उपलब्ध गराउने छ । बोलपत्रको सूचना प्रकाशन भएको मितिले २१ औं दिन कार्यालय समय भित्र खरिद गरी २१ औं दिन (२१ औं दिन

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०८३/०८४ कोशी प्रदेश नेपाल
च.नं.: Koshi province Nepal

सार्वजनिक विदा परेमा लगत्तै पछि कार्यालय खुलेको दिन) दिनको १२.०० बजे भित्र बोलपत्र पेश गरिसक्नु पर्नेछ । पेश हुन आएको बोलपत्र सोही दिन दिनका १.०० बजे साँगुरीगढी गाउँपालिकाको कार्यालय भेडेटारमा खोलिनेछ ।

२. बोलपत्र खरिद गर्न साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको नवील वैंक लि. भेडेटार शाखामा रहेको धरौटी खाता नं.२११०१०१७५०००३७ मा कबोल अङ्कको ३ प्रतिशत रकम जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

३. निकासी तथा विक्री शुल्क संकलनको ठेक्का सम्झौता गर्नु पूर्व कबोल अङ्कको रकम एकमुष्ठ अग्रीम रुपमा विभाज्य कोष खाता नं.२११०१०१७५०००१० जम्मा गर्नु पर्नेछ । कवोल अङ्क एकमुष्ठ अग्रीम जम्मा गरेमा कवोल अङ्कको १० प्रतिशतसम्म छुट दिन सकिनेछ ।

४. दरभाउ पत्र डाउनलोड गरी मुल्य प्रास्ताव फाराममा कबोल रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ । अंक वा अक्षरलाई काट्नु परेमा एकडोराले काटी पुनः लेखी सहीछाप गर्नु पर्नेछ ।

५. बोलपत्र दरभाउ पत्रमा मूल्य अभिवृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गर्नु पर्ने छ ।प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर आदि बुझाउनु पर्ने रकम व्यवसायी आफैले बुझाउनु पर्नेछ ।

६. ठेक्का व्यवस्थापन सम्बन्धी कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार आफैले गरी गाउँपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित भएको रसिद प्रयोग भएमा प्रचलित कानून बमोजिम कारबाही भइजानेछ ।

७. बन्द, हड्ताल जस्ता मानव सिर्जित घट्नाका कारणबाट हुने नोक्सानीका लागि कुनै क्षतिपूर्ति वा छुट दिइने छैन ।

८. यस सूचनामा उल्लेख भएका शर्तको हकमा सोही शर्त बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको शर्त पुरा नभएको वा कुनै प्रविधिक कठिनाई पर्न गएमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार साँगुरीगढी गाउँपालिकाको कार्यालयलाई हुनेछ ।

१०. बोलपत्र दरभाउ पत्र सम्बन्धी कार्यालयको वेव साईट https://sangurigadhimun.gov.np/ को सूचना बमोजिम E-bidding को bolpatra.gov.np/egp मार्फत पेश गर्न सकिने छ र अन्य जानकारीको लागि मोबाईल नं.९८५२०६१९४० फोन नं.०२५-४०००५८ र ०२५-४०००६८ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner